# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बान्नीगढी जयगढ गाउँपालिका
## अछाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बान्नीगढी जयगढ गाउँपालिका

## अछाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बान्नीगढी जयगढ गाउँपालिका

## अछाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/[illegible] काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ८७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

बान्नीगढी जयगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

अछाम ।

१. **कैफियत सहितको राय** – हामीले बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ३१ लाख ५१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु.२९ लाख ७८ हजार फर्स्यौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१२ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु. ६८ लाख ६८ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.२० लाख ११ हजार समेत रु.१ करोड १ लाख ७३ हजार रहेको छ । बान्नीगढी जयगढ गाउँपालिकाको गतवर्ष सम्म रु.३ करोड ४७ लाख २१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४

करोड ४८ लाख ९४ हजार रहेको छ । बान्नीगढी जयगढ गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बान्नीगढी जयगढ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बान्नीगढी जयगढ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

**बान्नीगढी जयगढ गाउँपालिका,**

**अछाम ।**

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८१ | ७४ | १३१५१ | ० | ३९ | २९७८ | ८१ | ३५ | १०१७३ | १२९४ | ६८६८ | २०११ | ० | ० | ८८७९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अछाम | ३४७२१ | ० | ० | ३४७२१ | ० | १०१७३ | ४४८९४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | २.३ | फरक जिम्मेवारी | २४९९९९९.६९ |
| २ | २०७९।८० | ३६ | दोहोरो भत्ता असुल | १५००० |
| ३ | २०७९।८० | ४१ | खर्च पुष्टी हुने प्रमाण पेश नभएको | ८२०० |
| ४ | २०७९।८० | ४५ | औषधी खरिदमा बढी भुक्तानी | १२२३०६ |
| ५ | २०७९।८० | ६१ | पधादिकारी बैठक भत्ता | १७४००० |
| ६ | २०७९।८० | ७७ | बाखा पकेट कार्यक्रममा साझेदारी अपुग | १५००० |
| ७ | २०७९।८० | ९२ | दुई कोठे भवन निर्माणमा बढी भुक्तानी | ३३८१८ |
| ८ | २०७९।८० | ९५.१ | पूर्वनिर्धारित क्षतिपूर्ती असुल | ११००५० |
| | **चालु वर्षको जम्मा** | | | २९७८३७३.६९ |
| | **गत विगतको जम्मा** | | | ० |
| | **कुल जम्मा** | | | २९,७८,३७३.६९ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१. **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरीनागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेका छन भने क्षेत्रफल ५८.२६ वर्ग किलोमिटर तथा २१६२९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को कार्यालयगत लेखापरीक्षण योजना अनुसार परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।६ देखि २०८०।७।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ रु. ८८ करोड ८५ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२. **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,३१,१८,९७५ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १,२५,२५,६१३.६० समेत गरी रु.१०,५६,४४,५८८.६० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु २४,९९,९९९.६९ यस वर्षको प्राप्ति रु. १५,१६,२९,०१३.३३ यस वर्षको भुक्तानी रु. १२,३८,२०,४११.१ र बैङ्क मौज्दात रु.३,०३,११,६०१.९२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन | ३३२५८२५८.५१ | २९५२०५७६५.४२ | ३१७८८८७५१.९३ | १०५७२२७२ |

| | | | | |
|---|---|---|---|---|
| (म.ले.प.फा.नं.२७२) | | | | |
| एकीकृत आर्थिक विवरणअनुसार | ३५७५८२५८.२० | ४४६८३४७७८.७५ | ४४१७०९१६३.०३ | ४०८८३८७३.९२ |
| फरक | २४९९९९९.६९ | १५१६२९०१३.३३ | १२३८२०४११.१ | ३०३११६०१.९२ |

---

२.३ **फरक जिम्मेवारी -** ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. २,४९९,९९९.६९ सम्परीक्षण गरिएको ।)

---

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाताको नाम** | **श्रेस्ता अनुसार २०८०।३।३१ को बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार २०८०।३।३१ को बाँकी** | **फरक** |
|---|---|---|---|
| चालु खर्च खाता | ० | १३९४४०० | १३९४४०० |
| धरौटी खाता | ४१४५५९८.४८ | ४१४५५९८.४८ | |
| संचित कोष खाता | ३२६४२३३१.८८ | ३२६४२३३१.८८ | |
| आकस्मिक कोष खाता | २०१५४३.३३ | २०१५४३.३३ | |
| बिबिध कोष खाता | ० | २५००००० | २५००००० |
| जम्मा | ३६९८९४७३.९२ | ४०८८३८७३.९२ | ३८९४४०० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

---

२.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. १,३९,४४,४०० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१४,५५८.३३ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,५५८ |

३. **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

- बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई परिमाणमुखी नभएको,

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्वयनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• निजामती सेवा ऐन,२०४९ बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्ण रुपमा लागु गर्नु पर्नेमा नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो बिकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थ : आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

६. **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. २४,८४,९४६.२० अर्थात अनुमान भन्दा १७.१७ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७. **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७,२७,५७,०५४.३१ | २४,८४,९४६.२० | ०.९१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

८. **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| भुमि कर | १४०००० | १५४१५६ | ११० |
| वहाल कर | २००००० | १८९२३३ | ९४ |
| वहाल विटौरी कर | १०००० | ० | ० |
| सरकारी सम्पतीको वहालबाट प्राप्त आय | ४६०००० | ४४०५०० | ९५ |
| सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | २०००० | ० | ० |
| न्यायिक दस्तुर | ५००० | ० | ० |
| शिक्षा क्षेत्रको आम्दानी | १०००० | ५००० | ५० |
| परीक्षा शुल्क | ५०००० | ३९००० | ७८ |
| अन्य प्रशासनिक सेवा शुल्क | ४०००० | ४५१८२ | ११२ |
| पार्किङ शुल्क | ५००० | ५०० | १० |
| नक्सापास दस्तुर | ५००० | ४३२५ | ८६ |

| | | | |
|---|---|---|---|
| सिफारिस दस्तुर | ६००००० | ५४७०४४ | ९१ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ३००००० | २९८४८० | ९९ |
| नाता प्रमाणित दस्तुर | ५०००० | ३८१०० | ७६ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | ३३००९४ | ६६ |
| अन्य दस्तुर | ४५००००० | ३६८३२५ | ८ |
| बेरुजु दाखिला | | २५००७ | |
| जम्मा | ६८९५००० | २४८४९४६ | ३६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

९. **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छनै । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१०. **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

११. **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२. **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३. **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।८० मा रु.३१ करोड.२४ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९/०४/२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१४. **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १५० योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | योजना संख्या | रु. २० लाखमाथिका योजना संख्या | रु ५ लाख देखि २० लाखसम्मका योजना संख्या | रु. ५ लाखभन्दा कमका योजना संख्या |
|---|---|---|---|---|
| पालिका स्तरीय | १०८ | ४ | २१ | ८३ |
| वडा स्तरीय | ४२ | ० | ० | ४२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित सबै योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१५. **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २४,८४,९४६.२० राजस्व बाँडफाँड रु. ६१०३७२०७.३२ र अनुदानबाट रु.२७,३९,७६,५०० समेत रु.३३,७४,९८,६५३.५२ आम्दानी भएकोमा चालु तर्फ रु २४,४९,६८,७५४.६५ र पूँजिगत तर्फ रु ६,७४,५९,६७७.९२ समेत रु.३१,२४,२८,४३२.५७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ७६,९५,५०० खर्च भएको छ जुन आन्तरिक आयको ३१० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८ प्रतिशत चालु र २२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६. **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.६,७४,५९,६७७.९२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७. **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २४७४०००० | १८३५९०२५.९० | ६ |
| २ | पूर्वाधार विकास | ५०८९६८७६.१६ | ३०४३४३४७.०१ | १० |
| ३ | सामाजिक विकास | २०३७७४८०० | १७७००९१९४.०१ | ५७ |
| ४ | बातावरण तथा विकास | ० | ० | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३९५८००० | १३३२५७२७.६७ | ४ |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९४३०२२०० | ७३३००१३८.९९ | २३ |
| जम्मा | | ३८७६७१८७६ | ३१२४२८४३३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ४ प्रतिशत रहेको छ भने वातावरण तथा विकास मा बजेटनै विनियोजन गरेको पाईएन । पालिकाले सन्तुलित बजेट विनियोजन गरी खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

---

१८. **रकमान्तर गरी खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निर्णय बमोजिम ५८ कार्यक्रम बाट घटाई ४६ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.२,११,२२,२६१ अर्थात कुल बजेट रु.२९२८६२२१८.९२ को ७.२ प्रतिशत र कुनै शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ ।

---

१९. **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । रु. हजारमा

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | ६७४५९ | ४९१ | १७४० | १२००८ | ५३२२० | ३१७३२ |
| प्रतिशत | १०० | ०.७२ | २.५८ | १७.८ | ७८.९ | ४७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.६,७४,५९,६७७.९२ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४,९१,१५७ (०.७२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१७,४०,४३९ (२.५८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१,२०,०८,४५९ (१७.८ प्रतिशत) र चौथो त्रैमासिकमा रु.५,३२,१९,६२२.९२ (७८.९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३,१७,३१,७६२.९ (४७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत

कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२०. **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १८ वटा ऐन, ६ वटा नियमावली, २८ कार्यविधि लगायत ५४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तयार गरिएका कानुनहरुको प्रभावकारी कार्यान्वयन गरी कार्यसम्पादन गर्नुपर्दछ ।

२१. **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ८ विवाद दर्ता भएकोमा ५ वटा मात्र फर्स्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२२. **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ५३ संघसंस्था र व्यक्तिहरुलाई रु.१०,३४,६५० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२४,८४,९४६.२० को ४२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२३. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपुर्ण मानिएका पदहरुमा २१ जना रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२४. **सवारीसाधन खरिद -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ।

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन वापतको रु.५३,८१,००० भुक्तानी गरी यसै आ.व मा खरिद गरेको उल्लेख छ । उक्त मुल्यका सवारी साधन सुत्रबाट प्राप्त पालिकाको यस आ ब को आन्तरिक आय रु. २४,८४,९४६.२० को २१६ प्रतिशत रहेको देखिन्छ । आवश्यकतामा आधारित रही सवारी साधान खरिद गर्नुपर्दछ ।

२५. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२६. **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १८ वटा ऐन, ६ वटा नियमावली र २८ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९१५ |
| मृत्युदर्ता | २०५ |
| बसाईसराई दर्ता | ३७५ |
| विवाह दर्ता | २२८ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

---

२७. **आन्तरीक आयतर्फ** -

---

२७.१ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

---

२७.२ **निरीक्षण नभएको** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.२४८४९४६।२० यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन ।

---

२७.३ **ढिला राजश्व दाखिला**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखि ढिला दाखिला गर्ने गरेको पाईयो यसमा तत्काल सुधार हुनुपर्दछ ।

---

२८. **विविध तथा सभा संञ्चालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना लगायत) रु.२५,४३,५७० खर्च गरेको छ। सो उक्त खर्च पालिकाको आन्तरिक आय रु.२४८४९४६.२० को १०२ प्रतिशत हुन आउँछ। यस्तो खर्चमा अत्याधिक खर्च भएको पाइयो । जसका कारण पालिकाको पूँजीगत खर्चमा असर पर्ने हुँदा यस्ता खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

२९. **जरिवाना -** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।यस पालिकाले विधुत महसुल वापतको रकम भुक्तानी गर्दा विल रकम रु.४५,३२६।- मा रु.१०,५४९।- जरिवाना सहित रु. ५५,८७५।- भुक्तानी गरेको छ । समयमै विधुत महसुल नतिरी उच्च प्रतिशतमा जरिवाना सहित भुक्तानी गर्नु नियमसम्मत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | १०,५४९ |

३०. **भ्रमण खर्च -** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत भ्रमण खर्च शिर्षकबाट रु.२३,८०,२४५।- र अनुगमन तथा मूल्याङ्कन शिर्षकबाट रु.१७,५४,८७०।- गरी जम्मा रु.४१,३५,११५। - खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन ।

• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय र स्पष्ट आधार नदेखिएको ।

• भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• अधिकांश भ्रमण आदेशहरुमा भ्रमण आदेश नं नराखेको र भ्रमण अभिलेखमा स्वीकृत भ्रमण आदेश बमोजिमको सम्पूर्ण विवरण अभिलेखमा नजनाएको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्चको उच्चतम सदुपयोग भएको भन्ने अबस्था देखिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पूर्ण पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता र प्रभाबकारी हुने गरी खर्च गर्नेतर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३१. **सवारी मर्मत -** सवारी साधनको मर्मत गर्दा म. ले. प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फाराम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा सवारी साधन मर्मत खर्च शिर्षकबाट रु.२६,४४,६३१।- मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्चबाट

रु.४,९९,९६४।- र निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार शिर्षकबाट रु.१,८५,२१५।- गरी जम्मा रु.३३,२९,८१० को सवारी साधन ,ल्यापटप प्रिन्टर र ईलेक्ट्रोनिक्स सामान लगायत मर्मत गरी खर्च गरेको छ ।मर्मत गर्दा केही मर्मत आदेश स्वीकृत अधिकांस पटक मर्मत आदेश स्वीकृत नगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनी अद्यावधिक गरेको देखिएन ।सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गरेरमात्र खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३२. **ईन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले आ.व २०७९/८० मा ईन्धन पदाधिकारी शिर्षकबाट रु.८,००,०००। - र ईन्धन कार्यालय प्रयोजन शिर्षकबाट रु.३२,००,०००।-गरी जम्मा रु.४०,००,०००।- खर्च गरेको छ । प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

३३. **कृषि र पशु अनुदान -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाले आ.व २०७९/८० मा मसला बाली विकास कार्यक्रम, तरकारी बाली बिउ विजन कार्यक्रम, एक वडा एक नर्सरी कार्यक्रम, आधुनिक मौरी यन्त्र वितरण कार्यक्रम, मिनिकीट वितरण हिउदे जै घाँस र ट्रेभिज निर्माण लगायतका कार्यक्रममा रु.२६,९३,६४७। - खर्च गरेको छ ।यस्तो खर्च गर्दा कार्यालयले कृषक छनोट र अनुदान वितरणका लागि स्पष्ट आधार र मापदण्ड तयार नगरेको, परिचय खुल्ने कुनै कागजात संलग्न नगरेको र कार्यालयबाट प्रदान गरेको अनुदानबाट लाभान्वित कृषकको संख्या खुल्ने तथ्यांक व्यवस्थित नराखेको हुँदा कार्यालयले वितरण गरेको अनुदानको सही सदुपयोग भएको छ भन्ने अवस्था रहेन । कार्यालयले वितरण गरेको अनुदानको प्रभावकारीता सम्वन्धमा नियमित अनुगमन गर्दै अनुदान उययोगको सुनिश्चितता हुने तथा स्वरोजगारी सिर्जना गरी किसानको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रम संचालन गर्नतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३४. **मिडिया खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ ले खर्चको उपादेयता स्थापित नगरी खर्च नगर्ने, सञ्चार खर्चमा अत्यन्त मितव्ययिता अपनाउने उल्लेख गरिएको छ। पालिकाले यस बर्ष अनलाईन विज्ञापन, सूचना प्रसारण, सचेतनामूलक कार्यक्रम प्रसारण लगायतका खर्च लेखि पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु. १३,६४,८०० विभिन्न सञ्चार माध्याम तथा एजेन्सिहरुलाई भुक्तानि गरेको देखिन्छ। साथै ६ वडाहरुबाट रु. ३,३८,००० खर्च भएको तथा सम्बन्धित कार्यक्रम, योजना अन्तर्गत पनि विज्ञापन लगतायतका सञ्चार

खर्च गरिएको छ। पालिकाले ठुलो रकम मिडियामा खर्च गरेको देखिन्छ। कतिपय मिडियासँग सम्झौता नगरी भुक्तानी गरेको, सम्झौता गर्न आवश्यक पर्ने संस्था दर्ता, नवीकरण, करचुक्ता प्रमाणपत्र जस्ता कागजात पेश नभई सम्झौता गरेको, खर्च बमोजिम काम भएको पुष्टि हुने प्रसारण भएका भिडियो/अडियो क्लिप, छापिएका विज्ञापनका प्रतिहरु समेत पेश भएको पाईएन। पालिकाले कानुनले तोकेका प्रकृया पुरा गरी खर्च पुष्टीहुने कागजात संलग्न पश्चात भुक्तानी गर्नु पर्दछ। साथै, यस किसिमका सञ्चार खर्चमा उच्चतम् मितव्ययिता अपनाई आवश्यकता र औचित्यता पुष्टि भएमा मात्र खर्च गर्नु पर्दछ।

३५. **खर्च पुष्टि नभई भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले वडा नं ४ का १३० घरधुरीलाई खानेपानी धारा निर्माणमा आर्थिक सहायता अन्तर्गत रु. १,३०,००० तिमिल्सैन खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई भुक्तानी गरेको रकमका सम्बन्धमा लागत अनुमान तयार, खर्च भएको विल भरपाई, कार्यसम्पन्न प्रतिवेदन लगायत आवश्यक खर्च पुष्टि गर्ने कागजात पेश भएको पाईएन। अतः पालिकाले यस खर्चको प्रमाण पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,००० |

३६. **दोहोरो भत्ता** - बान्नीगढी जयगढ गाउँपालिकाको प्रोत्साहन भत्ता कार्यविधि, २०७८ को बुदाँ ३.२ मा प्रोत्सहान भत्ता बापत प्रति महिना रु.१५०० सुविधा दिने व्यवस्था छ। साथै सोहि कार्यविधिको बुदाँ ३.६ मा फिल्ड भत्ता उपलब्ध गराईएको भए प्रोत्सहान भत्ता उपलब्ध नगराईने उल्लेख छ। पालिकाले देहायका कर्मचारीहरुलाई फिल्ड भत्ता उपलब्ध गराएरपनि मासिक प्रोत्साहन भत्ता भुक्तानी गरी दोहोरो भुक्तानी भएको असुलउपर गर्नुपर्ने रकम रु.

| क्रम | कर्मचारीको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | लोकेन्द्र ठकुल्ला | १८००० | १२ महिनाको फिल्ड भत्ता भुक्तानी |
| २ | स्वर्ण पौडेल | १८००० | १२ महिनाको फिल्ड भत्ता भुक्तानी |
| ३ | पुनम तिमिल्सेना | १२००० | मंसिर महिनाबाट फिल्डभत्ता लिईएको |
| जम्मा | | ४८,००० | |

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. १५,००० सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,००० |

३७. **भ्रमण खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ ले खर्चको उपादेयता स्थापित नगरी खर्च नगर्ने, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाउने उल्लेख गरिएको छ। पालिका पदाधिकारी, कर्मचारी लगायत ५३ जना व्यक्तिहरुलाई अधिकांश असार र जेठ महिनाको भ्रमण मिति भएको विलबाट मिति २०८०।३।२४ मा रु. ८,००,००० भ्रमण खर्च भुक्तानी भएको देखिन्छ। जेठ, असार महिनामा कार्यालय भित्र कामको चाप बढी हुने समयमा पालिकाका पदाधिकारी तथा कर्मचारीले भ्रमण खर्च लिएको औचित्यपुर्ण देखिदैन्। पालिकाले औचित्य स्थापित नभएका खर्चहरु मितव्ययिता अपनाउनु पर्दछ।

३८. **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १०,३४,६५० आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड बमोजिम आर्थिक सहायता वितरण गर्नु पर्दछ ।

३९. **खेलकुद कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले आ.व २०७९/८० मा सञ्चालन गरेको खेलकुद कार्यक्रममा खाना, खाजा, भत्ता र ड्रेस मा खर्च भएको विल भरपाई मात्र संलग्न राखि रु. ६,८२,८७९ खर्च गरेको छ । केही उदाहरणहरुः

| क्र.स | गो.भौ.नं र मिति | खेलकुद कार्यक्रम | भुक्तानी लिनेको नाम | रकम |
|---|---|---|---|---|
| १ | ३२,२०७९/७/३ | भलिवल प्रतियोगिता | महेश भुल | ४९३०० |
| २ | ४१,२०७९/७/१८ | भलिवल प्रतियोगिता | पन्चदेवल अनुरा युवा क्लव | ३८४००० |
| ३ | ७५,२०७९/८/२० | ब्याटमिन्टन कार्यक्रम | सुरत वहादुर खड्का | २०१००० |
| ४ | ७६,२०७९/८/२० | पुरुष क्रिकेट | मनोज साउद | ४८५७० |
| जम्मा | | | | ६,८२,८७९ |

पालिकाले संचालन गरेको खेलकुद कार्यक्रममा देखिएका समग्र व्यहोराहरुमा कुन दिनमा कति खेलाडी र प्रशिक्षकको लागि के कति खर्च भयो प्रष्ट नभएको, कुन खेलका लागि कति खेलाडीले सहभागिता जनाएका थिए सो लाई पुष्टी गर्ने प्रतिवेदन अथवा अन्य कागजात संलग्न नराखेको र एक पटक पालिकाले खरिद

गरेको गेम ड्रेस पुन प्रयोग गर्न मिल्ने नमिल्ने एकिन नगरी छोटो समयमा पटक पटक गेम ड्रेस खरिद गरि वितरण गर्नु पर्ने स्पष्ट कारण विना खरिद तथा वितरण गर्ने गरेको पाईयो ।अतः परिचय खुल्ने कागजात सहित खर्च खुल्ने प्रष्ट आधार र आवश्यकतालाई ख्याल गरि मितव्ययी तरिकाले खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

---

४०. **प्रतिवेदन तयार -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ (७) मा तालिम, सेमिनार, गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च , खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सञ्चालन गरेका तपसिल बमोजिमका कार्यक्रमको भुक्तानी दिँदा तालिमबाट लाभान्वित व्यक्तीको संख्या ,खरिद गरिएका मालसामान र विषय वस्तुको बारेमा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार गरेको पाईएन । नियमावलीमा व्यवस्था भएअनुसार तालिम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुल्ने गरी प्रतिवेदन तयार गरी स्विकृत गराउनु पर्दछ ।

| क.स | गो.भौ.नं र मिति | कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| १ | २२५,२०८०/१/३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | ७९९७० |
| २ | ३०३,२०८०/२/३१ | लक्षित दलित कार्यक्रम | २९५७५ |
| ३ | ३०३,२०८०/२/३१ | कृषकहरुलाई अभिमुखिकरण तालिम | ३०००० |
| ४ | ३०३,२०८०/२/३१ | नारी दिवस कार्यक्रम | ३०००० |
| ५ | ३२०,२०८०/३/१९ | बहुक्षेत्रिय पोषण कार्यक्रम | ६४३५० |
| ६ | ३३६,२०८०/३/२१ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १४३२८ |
| जम्मा | | | २,४८,२२३।- |

४१. **वढी भुक्तानी -**

........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णयबाट रु.८,२०० सम्परीक्षण गरिएको ।)

---

४२. **भुक्तानीमा कर कट्टी -** आयकर ऐन,२०५८ को दफा ८७, ८८, ८८क र ८९ बमोजिम आयकर कर कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सञ्चालन लघु उद्यम विकास कार्यक्रममा मेसिनरी औजार तथा कच्चा पदार्थ खरिद कार्यको गड्तोला ट्रेड एण्ड सप्लायर्सलाई भुक्तानी दिँदा न्युन कर कट्टी गरेको अथवा रु.९०८६ कट्टी गर्नु पर्नेमा रु.५७१५ मात्र कट्टी गरेको हुँदा छुट भएको कर कट्टी वापतको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३७१ |

४३. **लघु उद्यम कार्यक्रम -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद — ६ बुंदा नं (४१) मा उद्यमिलाई उद्यमको प्रकृती आवश्यकता र उद्यमबाट सिर्जना हुने रोजगारका आधारमा प्रविधि उपलब्ध गराईने छ ।उपलब्ध गराईने प्रविधिको कुल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने उल्लेख छ ।यस पालिकाले गरिबी निवारणकालागि लघु उद्यम कार्यक्रम बाट रु.६,५२,०१०।- खर्च गरी सिलाई सम्वन्धी मेसिन खरिद गरी उद्यमीलाई वितरण गरेको छ । निर्देशिकाले व्यवस्था गरे बमोजिम कुल लागतको कम्तिमा २० प्रतिशत अथवा रु.१,३०,४०२।— उद्यमीले व्यहोरी बाँकी रकम रु.५,२१,६०८।- कार्यालयले व्यहोर्नुपर्नेमा निर्देशिकाको परिपालना नगरी भुक्तानी गर्नु नियमसंगत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | १,३०,४०२ |

४४. **विल पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले चिन्डे पिपल जनालिकोट सडक निर्माण उ.स. लाई 125 mm Hdpe pipe with laying and jointing सहित १०० मिटरको रु.४६६.६५ का दरले रु.४६६६५ र ग्याविन बक्स १.५*१*१ को ३ बक्स भरेको सहित रु.८,१३३.८९ का दरले रु.२४,४०१.६७ गरी जम्मा रु.७१,०६६.६७ भुक्तानी दिएकोमा पाईप खरिद र ग्याविन जाली खरिदको विल पेश भएन । यसरी विल पेश नगरी भुक्तानी दिएको सम्वन्धमा पालिकाले एकिन गरी विल पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,०६६.६ |

४५. **बढी भुक्तानी -**

........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णयबाट रु.१,२२,३०६ सम्परीक्षण गरिएको ।)

४६. **कोभिड खर्च -** पालिकाबाट प्राप्त विवरण अनुसार कोभिड १९ रोकथाम नियन्त्रण व्यबस्थापनमा २०८० आषाढ मसान्तसम्म प्राप्त रकम र खर्च सम्बन्धि विवरण ।

| आम्दानी स्रोत | रकम रु. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|---|
| संघिय कोभिड कोष | २१४००० | खोप कार्यक्रम खर्च | ११६७०० |
| पालिकाको आफ्नै बजेटबाट | ८०००० | अन्य खर्च | २१६०० |
| | | बाँकी | १५५७०० |
| जम्मा | २९४००० | जम्मा | २९४००० |

कोभिड १९ रोकथाम नियन्त्रण व्यबस्थापनका लागि संघीय सरकारबाट प्राप्त रु.२१४००० र स्थानीय तहको आफ्नै बजेटबाट रु.८०००० गरी जम्मा रु.२९४००० कोभिड कोषमा ट्रान्सफर भएको मध्ये खोप कार्यक्रम खर्च रु.११६७०० र अन्य खर्च रु.२१६०० गरी जम्मा रु.१५५७०० खर्च भई रु.१५५७०० बाँकी रहेको देखिन्छ ।कोषको व्यवस्थित संचालन र व्यवस्थापनमा पालिकाले ध्यान दिनु पर्दछ ।

---

४७. **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई वडाको सिफारिसको आधारमा पूँजीगत शीर्षकबाट रु.३९,७०० भुक्तानी दिएको पाईयो ।

| **क सं** | **भुक्तानी पाउने व्यक्तीको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| १ | चन्द्रा साउद | आर्थिक सहायता | १०००० |
| | खम्मे साउद | आर्थिक सहायता | १०००० |
| | **पदम वहादुर साउद** | आर्थिक सहायता | १९७०० |
| जम्मा | | | ३७९०० |

४८. **अस्पताल अनुदान -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ ।पालिकाले न्याय हेल्थ वयलपाटा अस्पताललाई न्याय हेल्थ नेपाल कार्यक्रमको लागि उल्लेख गरी प्रशतावनाका आधारमा मात्र रु.५,००,०००।- भुक्तानी दिएको छ । यस कार्यक्रमको लागि अन्य पालिकाबाट पनि अनुदान दिएको देखिन्छ। प्रष्ट देखिने कार्य प्रगती र सोको आवश्यकता एकिन नगरी खर्च पुष्टी हुने विल, भरपाई, प्रमाण तथा कागजात संलग्न नराखी दिएको भुक्तानीलाई यथार्थ खर्च मान्न सकिने अवस्था नरहेको हुँदा खर्च भएको स्पष्ट खुल्ने प्रमाण एवं कागजात सहित खर्च गर्ने तर्फ पालिकाले पर्याप्त ध्यान दिनु पर्दछ ।

---

४९. **सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले कालिका सामुदायिक सूचना तथा सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान उल्लेख गरी रु.२,००,००० उक्त सिकाई केन्द्रको नाममा निकासा गरेकोमा सिकाई केन्द्रले मासिक रु.१७५०० का दरले उपेन्द्र जयगढीलाई पारिश्रमिक दिएको तलवी भरपाई पेश गरेको छ ।पालिकाले सिकाई केन्द्र सँग सम्झौता नगरी र सिकाई केन्द्रले पारिश्रमिक दिएको शिक्षकको नियुक्ती तथा

सम्झौता संलग्न नराखी निकासा गर्नु मनासिव देखिएन । पालिकाले यस तर्फ ध्यान दिई खर्चको पुष्ट्याई हुने कागजात संलग्न राखेर मात्र भुक्तानी दिने गर्नुपर्दछ ।

५०. **विल भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न नराखी युवा तथा खेलकुद सम्वन्धी कार्यक्रमबाट मनोज साउदलाई रु.८८,७०० भुक्तानी गरेकोले सो खर्चलाई पुष्टी गर्ने कागजाग तथा प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८८,७०० |

५१. **जिन्सी एकीकृत नभएको -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउंपालिका समग्रमा एक कार्यालय भएकोले यस गाउंपालिका भित्रका ७ वडा कार्यालय, शिक्षा, स्वास्थ्य, कृषि र पशु जस्ता इकाई समेतको एउटै जिन्सी खातामा खर्च हुने र नहुने मालसमानको एकिकृत जिन्सी विवरण राखी अध्यावधिक अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा सम्पत्तीको अवस्था पनि प्रष्टरुपमा खुलेको पाईएन र यस कार्यालयको छुट्टै जिन्सी खाता र अन्य विषयगत निकाय तथा वडा कार्यालयहरुको छुट्टा छुट्टै अभिलेख राखेको देखिएकोले एकीकृत जिन्सी खाता तयार गरी अध्यावधिक राख्नु पर्दछ ।

५२. **काम काजबाट अलग हुदा समेत सरकारी सम्पत्ती फिर्ता नगरेको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०३(१) मा कुनै सार्वजानिक पद धारण गरेको व्यक्ति आफ्नो पदबाट अलग हुदाँ आफ्नो जिम्मामा रहेको नगद जिन्सी मालसमान तथा अन्य सरकारी सम्पत्ती हालवालालाई वा हालवाला नभए कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने व्यबस्था छ तर लेखारीक्षणको क्रममा जिन्सी शाखाबाट प्राप्त जानकारी अनुसार जिन्सी शाखाले कार्यालयको सामान फिर्ता गर्न पटकपटक लिखित र मौखिक अनुरोध गर्दा समेत लेखापरीक्षण हुदा वखत सम्म निम्न पदाधिकारीले यस कार्यालयको कामबाट अलग भैसक्दा समेत आफ्नो जिम्मामा रहेको सरकारी सम्पत्ती बरबुझारथ नगरेको हुँदा सम्बन्धित पदाधिकारीबाट असुल हुनुपर्दछ ।

| **राजेन्द्र बहादुर खड्का- पूर्व अध्यक्ष-** | | | | |
|---|---|---|---|---|
| क्र.स | समानको नाम | परिमाण | रकम(दर) | जम्मा |
| १ | मोवाईल | २ | नखुल्ने | - |
| २ | टि टेबल | २ | नखुल्ने | - |
| ३ | सोफासेट | १ | नखुल्ने | - |
| ४ | स्टिल दराज | १ | नखुल्ने | - |

| | | | | |
|---|---|---|---|---|
| ५ | हिटर रुम | १ | नखुल्ने | - |
| ६ | स्टुल काठको | १ | नखुल्ने | - |
| ७ | ह्याङ्गगर बेदको | १ | नखुल्ने | - |
| ८ | सोफासेट मध्यम | १ | नखुल्ने | - |
| ९ | पलङ्ग | १ | नखुल्ने | - |
| १० | टेबल बुस | १ | नखुल्ने | - |
| ११ | बुक र्याक | १ | नखुल्ने | - |
| १२ | प्रिन्टर LBP २९०० | १ | नखुल्ने | - |
| १३ | Mixture | १ | नखुल्ने | - |
| १४ | Iron | १ | नखुल्ने | - |
| १५ | Brother DCP २५४० | १ | नखुल्ने | - |
| १५ | कम्प्युटर कुर्सी | १ | नखुल्ने | - |
| **लोकेन्द्र बहादुर साउद- पूर्व उपाध्यक्ष-** | | | | |
| १ | मोबाईल | २ | नखुल्ने | - |
| २ | सोफासेट | १ | नखुल्ने | - |
| ३ | स्टिल दराज | १ | नखुल्ने | - |
| ४ | टेबुल बुस | १ | नखुल्ने | - |
| ५ | टि टेबल | २ | नखुल्ने | - |
| ६ | हिटर रुम | १ | नखुल्ने | - |
| ७ | स्टुल काठको | १ | नखुल्ने | - |
| ८ | ह्याङ्गर बेदको | १ | नखुल्ने | - |
| ९ | टि.भि Samsung J7 | १ | नखुल्ने | - |
| १० | मोबाईल Samsung J7 | १ | नखुल्ने | - |
| ११ | सोफासेट मध्यम | १ | नखुल्ने | - |

| | | | | |
|---|---|---|---|---|
| १५ | पलङ्ग | १ | नखुल्ने | - |
| १६ | बुक र्याक | १ | नखुल्ने | - |
| १७ | प्रिन्टर LBP २९०० | १ | नखुल्ने | - |
| **हिरण्य खड्का वडाअध्यक्ष-१** | | | | |
| १ | मोबाईल Oppo A३७ | १ | नखुल्ने | - |
| २ | G Router | १ | नखुल्ने | - |
| **केशर वि.क कापा सदस्य** | | | | |
| १ | मोबाईल Oppo A३७ | १ | नखुल्ने | - |
| **लाल कामी वडा अध्यक्ष-५** | | | | |
| १ | मोबाईल Oppo A३७ | १ | नखुल्ने | - |
| २ | G Router | १ | नखुल्ने | - |
| **सुरज सुनार कापा सदस्य** | | | | |
| १ | मोबाईल Oppo A३७ | १ | नखुल्ने | - |
| २ | मोबाईल Oppo A७१ | १ | नखुल्ने | - |
| **कुल बहादुर सेटि वडा अध्यक्ष-३** | | | | |
| १ | मोबाईल Oppo A३७ | १ | नखुल्ने | - |
| २ | G Router | १ | नखुल्ने | - |
| **कृष्ण बहादुर कडायत वडा अध्यक्ष-६** | | | | |
| १ | मोबाईल Oppo A३७ | १ | नखुल्ने | - |
| २ | G Router | १ | नखुल्ने | - |
| ३ | Samsung Mobile | १ | नखुल्ने | - |
| **यसोदा बोहरा कापा सदस्य** | | | | |
| १ | Samsung Mobile galaxy 17 pro | १ | नखुल्ने | - |
| **आरती खड्का कापा सदस्य** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | Samsung Mobile galaxy 17 pro | १ | नखुल्ने | - |
| **हिमसरा थापा कापा सदस्य** | | | | |
| १ | Samsung Mobile galaxy 17 pro | १ | नखुल्ने | - |
| **लक्ष्मी सुवर्णकार कापा सदस्य** | | | | |
| १ | Samsung Mobile galaxy 17 pro | १ | नखुल्ने | - |
| **नेत्र बहादुर साउद वडा अध्यक्ष-२** | | | | |
| १ | मोबाईल Oppo A७१ | १ | नखुल्ने | - |
| २ | G Router | १ | नखुल्ने | - |
| **कर्ण बहादुर ठकुल्ला वडाअध्यक्ष-४** | | | | |
| १ | G Router | १ | नखुल्ने | - |

असुल गर्नुपर्ने

---

५३. **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| क्र सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| १ | जयगढ वचत तथा ऋण सहकारी सस्था | कार्यालय व्यवस्थापन | २५०००० |
| २ | दियालो बहुउद्देश्य सहकारी संस्था | भवन घेरापर्खाल | ५७६०० |
| ३ | बर्ददिवि कृषि सहकारी संस्था लि | संस्थामा फर्निचर तथा फिक्चर्स खरिद | ६५००० |
| ४ | डि एस कुखुरा फर्म | फर्म निर्माण | १९२००० |
| ५ | रिया एण्ड रिचा पोल्ट्रि फर्म | पोल्ट्री फर्म | १९२००० |
| ६ | वर्ददिवी वचत तथा ऋण सहकारी संस्था | कार्यलय व्यवस्थापन | २५०००० |

| जम्मा | १००६६०० |
|---|---|

| | अनियमित भएको | १०,०६,६०० |
|---|---|---|

## ५४. विपद व्यबस्थापन तर्फ -

५४.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ ।

५४.२ **कार्य योजना -** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ ।

५४.३ **बार्षिक प्रतिबेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

५५. **मोटरसाईकल तथा स्कुटर खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न मोटरसाईकल तथा स्कुटर खरिदमा गर्दा उल्लेखित कैफियत पाईयोः

| क्रम | गोभौ मिति | सामाग्री | मुल्य | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | १८/२०७९।१०।११ | मोटरसाइकल | ३४७९०० | क्याटलग विधिवाट खरिद गरिने भनि टिप्पणी उठेको भएपनि खरिद सम्बन्धी कुनैपनि कागजात पेश नभएको |
| २ | १८/२०७९।१०।११ | स्कुटर | २८६९०० | क्याटलग विधिवाट खरिद गरिने भनि टिप्पणी उठेको भएपनि खरिद सम्बन्धी कुनैपनि कागजात पेश नभएको |
| ३ | १९४/२०८०।३।२४ | मोटरसाइल | ३२९९०० | क्याटलग विधिवाट खरिद गरिने भनि टिप्पणी उठेको भएपनि खरिद सम्बन्धी कुनैपनि कागजात पेश नभएको |
| जम्मा | | | ९६४७०० | |

सार्वजनिक खरिद कानुनले तोकेको प्रकृया पुरा नगरि खरिद गरिएको नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ९,६४,७०० |

५६. **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

५७. **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५८. **वडागत खर्च -** पालिकाको बजेटमा प्रत्येक वडालाई नियमित खर्च प्रयोजनका लागि विनियोजित रकम र वडाहरुले गरेको खर्च देहायबमोजिम देखिन्छः

| वडा नं | बिनियोजित रकम | खर्च रकम |
|---|---|---|
| १ | ९,६०,००० | ८,८९,३०० |
| २ | ८,३४,००० | ८,२९,००० |
| ३ | ९,४५,००० | ९,१७,१२० |
| ४ | ९,९५,००० | ९,७८,३३० |
| ५ | १३,६०,००० | १२,२१,७९२ |
| ६ | १९,१५,००० | १८,९५,००० |

वडाहरुले खर्च गरि विल भरपाई पेश गरेको आधारमा वडा सचिवको नाममा पालिकाबाट भुक्तानी भएको, पालिकाले गर्ने प्रकृतिका कार्य वडा पनि गर्ने गरेकोले काममा दोहोरोपना भएको देखिन्छ। प्रहरी चौकीको खर्च भुक्तानी, शिक्षक पारिश्रमिक छात्रावृत प्रदान जस्ता आफ्नो अधिकार क्षेत्रभन्दा वाहिरका कार्यहरुमा पनि खर्च गरिएको छ। साथै कतिपय खरिद गरेका सामाग्रीहरु उद्देश्य नखुलेको, सवारीसाधन मर्मत अभिलेख राख्ने नगरिएको, इन्धन खर्चको लगबुक नराखिएको देखिन्छ। त्यस्तै कतिपय सामाग्री खरिदको कागजात पेश हुन नसकेको तथा खर्चको प्रयोजन खुल्न नसकेको पाइयो। अतः वडाहरुले गरेको खर्चको भुक्तानी गर्दा वडा सचिवको नाममा भुक्तानी नगरी सम्बन्धित पार्टीलाई भुक्तानी गर्नु पर्ने, मर्मत तथा इन्धन खर्चको अभिलेख राख्नु पर्ने, कार्यालय सञ्चालनका आवश्यक रकम मात्र वडाहरुले खर्च गर्नुपर्दछ।

५९. **दर्ना जलविद्युत सहकारी संस्था लि. ले तिर्नुपर्ने बक्यौता रकम पालिकाद्धारा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाको वडा नं ६ दर्नामा दर्ना जलविद्युत सहकारी संस्था लिमिटेडद्धारा सञ्चालित लघु जलविद्युत बन्द भएपश्चात उक्त सहकारी संस्थाले नेपाल विद्युत प्राधिकरणको अछाम वितरण केन्द्र साँफेबगर अछामसँग करार सम्झौता गरी वि.सं. २०७७ भाद्र महिनाबाट विद्युत सेवा लिदै आएको पाईयो। उक्त सहकारीले प्राधिकरणलाई तिर्नुपर्ने महशुल बक्यौता रहेको र मिति २०७९।९।२४ मा प्राधिकरणले पालिकालाई बोधार्थ दिई सहकारीलाई लेखेको पत्रमा रु. २८,७२,६१२ बक्यौता रकम जरिवाना सहित कुल बाँकी रकम रु. ३५,७६,५२६ प्राधिकरणलाई तिर्न बाँकी रहेको व्यहोरा उल्लेख गरेको छ। सोहि बोधार्थको आधारमा 'दर्ना लघु जलविद्युतको तिर्न बाँकी बिजुली महशुल÷ शिर्षकबाट ५,००,००० तथा दर्ना वडा कार्यालयको बजेट 'दर्ना लघु जलविद्युतको तिर्न बाँकी विद्युत महशुल÷ शिर्षकबाट ७००००० गरी पालिकाले यस आर्थिक बर्षमा बक्यौताको कुल रकममा जरिवाना सहित १२,००,००० महशुल प्राधिकरणलाई भुक्तानी गरेको पाईयो। प्राधिकरणबाट खरिद गरी उपभोक्तासँग महशुल असुल गरेको अवस्थामा समेत वक्यौता रहनु मनासिव देखिदैन। दर्ना जलविद्युत सहकारी संस्था लिमिटेडले तिर्नुपर्ने रकम सहकारीको वित्तीय अवस्था यकिन नगरि कुनै आधार र कारण नभई पालिकासँग असम्बन्धित संस्थाको बक्यौता रकम पालिकाले प्राधिकरणलाई भुक्तानी गर्नु औचित्यपूर्ण देखिदैन्। पालिकाले दर्ना जलविद्युत सहकारी संस्था लि. को वित्तीय अवस्था यकिन गरि प्राधिकरणलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकम सम्बन्धित

सहकारीबाट नै भुक्तानी गर्न सहजीकरण गर्दै पालिकाले प्राधिकरणलाई भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | १२,००,००० |

६०. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले ग्रामिण सडक सरसफाई तथा मर्मत शिर्षकमा टुक्राई सोझै खरिदको बिधि अपनाई रु. २९,९६,११७ विभिन्न निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ। यसरी खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने, पालिकालाई कार्य सम्पन्न गर्दा बढी व्ययभार पर्ने, कामको गुणस्तरमा कमि हुने जस्ता जोखिम हुनसक्दछ। अतः यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि अपनाउन तर्फ पर्याप्त ध्यान दिनु पर्दछ।

६१ **बैठक भत्ता -**

.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-३० को निर्णयबाट रु. १,७४,००० सम्परीक्षण गरिएको ।)

६२. **शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर पालिकाभरिका विद्यालयहरूमा ३ बालविकास १२ आधारभुत तह र २ माध्यमिक तह गरी जम्मा १७ शिक्षक नियुक्त गरी गाउँपालिका अनुदानवाट रू.३९,५१,०००।- तलब भत्ता भुक्तानी गरेको छ । पालिकाले शिक्षक विद्यार्थि अनुपात नमिलाई र दरवन्दी मिलान नगरी यसरी गरिएको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

६३. **पेश गरेको प्रस्ताव भन्दा बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को (१० ) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्दछ ।पालिकाले सञ्चालन गरेको लघु उद्यम कार्यक्रम अन्तरगत मेशिनरी औजार तथा कच्चा पदार्थ उपलव्ध गराउने र तालिम सञ्चालनको लागि जमुना निर्माण सेवाले रु.७,६१,५१०मा गर्नेगरी प्रस्ताव पेश गरेकोमा पालिकाले उक्त निर्माण सेवासँग रु.७८१७९३.५ मा कार्यसम्पादन गर्नेगरी सम्झौता गरी रु.७,८६,५०० भुक्तानी गरेको छ ।पेश गरेको प्रस्ताव भन्दा बढी रकममा सम्झौता गर्नु पर्ने

र सो सम्झौता भन्दा वढी रकम भुक्तानी गर्नु पर्ने कारण नखुलाई वढी भुक्तानी गर्नु मनासिव देखिएन । जमुना निर्माण सेवाले पेश गरेको प्रस्ताव भन्दा वढी भएको भुक्तानी रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,९९० |

६४. **आयुर्वेद औषधि** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाले श्री सिद्धि गणेश आयुर्वेद फर्मबाट रु. २,००,००० को औषधी खरिद गरी दाखिला गरेको पाइयो । खरिद औषधिको वितरण र उपयोगसँग सम्बन्धित कागजात तथा अभिलेख पालिकाले राखेको छैन । तसर्थ औषधि वितरण तथा उपयोगसँग सम्बन्धित कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६५. **टुक्राई खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्तासँग लिखित रुपमा दरभाउपत्र माग गरि खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले फुलेश्वर फर्निचरबाट रु. ६,९१,७४७ बराबरको फर्निचर सामाग्री खरिद गर्दा टुक्राई तथा दररेट माग नगरि खरिद गरेको पाईयो। यसरी टुक्राई एकै सप्लायर्ससँग खरिद गर्दा खरिद प्रतिस्पर्धा सिमित हुने तथा खरिद गरिएका समाग्री महंगो पर्ने जोखिम रहने भएकाले पालिकाले खरिद गर्दा खरिद कानुको पालना गरी खरिद गर्नु पर्दछ।

६६. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिका र वडा प्रयोजनका लागि आ.व २०७९/८० मा अन्य कार्यालय संचालन शिर्षक, कार्यक्रम खर्च शिर्षकबाट पनि केहि खरिद गरेको देखिन्छ । मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट मात्र रु.३१,९५,७६३।- कार्यालय सामान खरिद गरेकोमा पुर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन ।यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि अपनाउन तर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

६७. **विद्युतीय तार खरिद-**

६७.१ **नापी किताब पेश गर्ने** - सार्वजनिक खरिद नियमावलीको नियम ५क बमोजिम मालसामानको खरिदको लागि लागत अनुमान बनाउँदा स्फेशिफिकेशन तयार गरी सूचना जारि गर्नु पर्ने हुन्छ। पालिकाले विद्युतीय तार खरिदका लागि दरभाउ माग गर्दा स्फेशिफिकेशन तयार नगरी 'तार÷ मात्र उल्लेख गरेर रु. ४,९२,११५

बराबरको खरिद गरेको छ। यसरी कुनै स्फेशिफिकेशन विना मालसामान खरिद गरिदा खरिद गरिएको मालसामान आवश्यकता अनुरुपको प्राप्ति, बस्तुको गुणस्तरीयता लगायतका विषयमा यकिन हुने अवस्था रहेन। साथै पालिकाले तारको मात्र दरभाउ माग गरेको अवस्थामा जडान तथा विस्तार खर्चमा थप रु. ४६,२०० भुक्तानी गरेको देखिन्छ। यसरी स्पेशिफिकेशन निश्चित नगरि खरिद गरिनु तथा दरभाउमा समावेश नगरिएको विषयमा पछि थप गरि भुक्तानी गरिनु कानुनसम्मत देखिदैन। पालिकाले खरिद गरेको तारको स्फेशिफिकेशन सहितको लागत अनुमान तथा सो बमोजिम खरिद र प्रयोग भएको नापी किताब प्रमाण पेश गर्नु पर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९२,११५ |

६७.२ **दरभाउमा उल्लेख नभएको रकम भुक्तानी -** दरभाउ मागमा समावेश नभएको तर जडान तथा विस्तार खर्च उल्लेख गरी भुक्तानी भएको थप रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४६,२०० |

६८. **विद्यार्थी संख्याको सत्यापन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS मा लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ।

६९. **शिक्षक दरवन्दी र पदपुर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २५ सामुदायिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ । शिक्षक बिद्यार्थी अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | २५ | २३९ | २३९ | ९२ | ४८३६ | १:२० |

७०. **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका २५ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | त्रिपुरा आ.वि | ६ | ६ | ३१ | १:५ |
| २ | बरदा देवि आ.वि | ५ | ५ | ४९ | १:९ |
| ३ | राष्ट्रभाषा मा.वि | १८ | १८ | १९७ | १:१० |
| ४ | जनज्योती मा.वि | १३ | २१ | २८३ | १:२१ |
| ५ | सरस्वती मा.वि | २६ | २६ | ९०१ | १:३४ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:५ देखि १:३४ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा वालविकास केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

७१. **अनुगमन नियमन व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मूल्यांकन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

७२. **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, व्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा २४ महिना वाँकी हुनुपर्ने

तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।यसवर्ष पालिकाले रु.२५,३२,५६३ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७३. **वितरण भरपाई नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यबस्था छ । कार्यालयले बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत आयमूलक कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका समूह तथा सहकारीसँग सम्झौता गरी एकमुष्ट रकम उपलब्ध गराएको तर वितरण भरपाई संलग्न गरेको पाईएन । अतः प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

७४. **नर्म्स भन्दा बढी भुक्तानी -** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि. नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट नगरपालिकास्तरमा सञ्चालित सहायक स्तरको तालिम / अन्य तालिममा कक्षा सञ्चालन वापत रू.७००। र कार्यपत्र वापत रू.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा सञ्चालन वापत पारिश्रमिक नपाउने, कार्यपत्रको मात्र पारिश्रमिक पाउने व्यवस्था छ । यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको कार्यक्रममा पालिका बाहिरका स्रोत व्यक्तिले कक्षा सञ्चालन गरेकोमा निर्देशिका विपरित बढी रकम भुक्तानी भएको पाईयो । निर्देशिका विपरित बढी भुक्तानी भएको रकम सम्वन्धित व्यक्तीबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| क्र.स | नाम थर | कार्यक्रम | सेसन | हुनुपर्ने रु. | भएको रु. | बढी खुद भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मणनाथ योगी | बहुक्षेत्रिय पोषण | २ | २७७५ | ५७८० | ३००५ |
| २ | सेत ब. भुल | | २ | २७७५ | ५७८० | ३००५ |
| जम्मा | | | | | | ६,०१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०१० |

७५. **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १३६० जना रहेका छन् । पालिकाले जस्मिन हाईजिन प्रोडक्सन प्रा.लि बाट १६,५७३ थान स्यानिटरी प्याड रु.४,३०,७३२.२७ (मु अ कर समेत) मा सोझै खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाईएन । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

७६. **न्यानो झोला खरिद -** स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन, २०७९/८० को १२ मा न्योनो झोलाको Specification तोकिएको छ।जसअनुसार हिमालि जिल्लाको लागि प्रति न्यानो झोला १००० र तराई र पहाडी जिल्लाको लागि प्रति न्यानो झोला ९०० को दरमा रकम व्यवस्था गरिएको छ।यसरी खरिद गर्ने न्यानो झोलाको मार्गदर्शनले तोकिए बमोजिमको Specification तयार गरि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरि तोकिएको Specification अनुसार भए नभएको एकिन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष न्यानो झोला खरिद गरेको छैन भने गत वर्ष २५० वटा रु.९०० का दरले रु.२,२५,००० को खरिद गरेको छ । यस वर्ष १०६ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । न्यानो झोलाको स्पेसिफिकेशन तयार नगरेको तथा तोकिएबमोजिमको स्पेसिफिकेशन भए नभएको एकिन गरेको छैन । पालिकाले मार्गदर्शनमा उल्लेखित स्पेसिफिकेशन अनुसार न्यानो झोला खरिद तथा तोकिएको गुणस्तर अनुसार भए नभएको एकिन गर्नुपर्दछ।

७७. **बाख्रा पकेट कार्यक्रम -**

........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णयबाट रु. ४,०५,००० सम्परीक्षण गरिएको ।)

७८. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को बुँदा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छनः-

-सूचिमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरे पनि सो अनुसार कार्यान्वयन पूर्ण रुपमा भएको छैन ।

-एउटै उपभोक्ता समितिबाट एक भन्दा बढी आयोजनाहरु सञ्चालन गरेको छ ।

-१०० दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी केही श्रमिकले ९४ दिन सम्मको मात्र रोजगारी प्राप्त गरेको पाईयो ।

-श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट रु ५७७। मात्र प्राप्त गर्ने भएको हुँदा कार्य गर्ने चाहाना नरहेको गुनासो पालिकामा आउने पालिकाको भनाई रहेको छ ।

-पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् ।

यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, नाली निर्माण, पोखरी निर्माण, ताल निर्माण र पर्खाल निर्माण लगायतका ५ वटा योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष १२२ जनालाई रोजगारी उपलव्ध गराई रु.१७,३१,०००। खर्च गरेको छ । लक्षित वर्गलाई ९४ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।यसमा सुधार र व्यवस्थित गर्नका लागि सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ ।

---

७९. **प्रशासकीय भवन मैदान व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले गाउँपालिका प्रमुख प्रशासकीय भवन मैदान व्यवस्थापन कार्यका लागि श्री न्यु मालिका निर्माण सेवालाई रु.८,३२,२१९.०१ ,उमेश खड्का, तारा कठायत र जगत वहादुर साउदलाई रु.२,०८,००० का दरले रु.६,२४,००० गरी जम्मा रु.१४,५६,२१९.०१ खर्च भएको देखाई भुक्तानी भएकोमा डोर हाजिर संलग्न राखी जनश्रमदान देखाएपनी सो अनुसारको कार्य नापीमा नदेखिएको, ३ वटा ट्याक्टरबाट माटो ढुवानी गरेको उल्लेख गरी २६ दिनको रु.८,००० का दरले रु.२०८,००० प्रति ट्याक्टर माटो ढुवानी खर्च भुक्तानी गरेको तर उक्त रकम बुझ्ने व्यक्तीको परिचय नखुलेको, माटो ढुवानीको वास्तविक मापन नभएको र ट्याक्टर धनी सँगको सम्झौता संलग्न नराखेको हुँदा यस्तो खर्चलाई यथार्थ खर्च मान्न सक्ने अवस्था रहेन । सम्झौता र वास्तविक मापन विना माटो ढुवानी वापतको रकम बुझेको भरपाई मात्र संलग्न राखी रु.६,२४,००० भुक्तानी दिएकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२४,००० |

---

८०. **ग्याविन जाली** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।साथै प्रत्येक जिल्लाले त्यस जिल्लाको लागि लागु हुने गरी निर्माण सामाग्रीको दर तोकेको हुन्छ । यसरी तोकिएको जिल्ला दररेट र सम्वन्धित नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ओडमा रोटैमाण्डौ सडक स्तरोन्नती कार्यमा तपसिल बमोजिमको जालि भर्ने कार्यको लागि वढी दररेट राखि लागत अनुमान तयार गरेर सोही अनुसार भुक्तानी दिएको हुँदा बढी हुन गएको रकम ओडमा रोटैमाण्डौ सडक स्तरोन्नती उपभोक्ता समितीबाट असुल गर्नु पर्ने रु.

| क.स | जालीको साईज | हुनु पर्ने दररेट | भएको दररेट | जालिको संख्या | रकम रु. |
|---|---|---|---|---|---|
| १ | २*१*१ | १०००३ | १०१०४ | ३७ | ३७३७ |
| २ | १.५*१*१ | ८०१३ | ८०९६ | २० | १६६० |
| जम्मा | | | | | ५,३९७।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३९७ |

८१. **पाईप खरिद तथा वितरण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले तपसिलका योजना तथा कार्यक्रममा खरिद गरेका पाईपको परिमाण सँग खन्ने पुर्ने कार्यको तालमेल नमिलेको र वितरण गरेका पाईपको प्रयोग सम्वन्धमा एकिन हुन सकिने गरि कागजात तथा प्रमाण पेश नगरेको हुँदा सही सदुपयोगको सम्वन्धमा एकिन हुन सकिएन ।पालिकाले यस्तो कार्य गर्दा वास्तविक मापन सहित सरकारी स्रोत साधनको प्रयोग सम्वन्धमा यथार्थ चित्रण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| क.स | गो.भौ.न र मिति | योजना/कार्यक्रमको नाम | पाईप खरिद (मिटरमा) | पाईपको लागि खन्ने पुर्ने कार्य (मिटरमा) | फरक | पाईप खरिद रकम |
|---|---|---|---|---|---|---|
| १ | ४२-२०७९/१२/२६ | सल्लेना खानेपानी निर्माण योजना | ९८९९ | ७४८० | २४१९ | २२०४०९ |
| २ | ५८-२०७९/१२/३० | पुरानाघर बडरुख खानेपानी निर्माण योजना | १००० | ९८५ | १५ | ४०८७० |
| ३ | १२७-२०८०/२/३२ | मागमा आधारित पाईप खरिद | ११००० | २ नं वडामा प्रयोगभएको मात्र उल्लेख भएको | ११००० | ४९७२० |
| जम्मा | | | | | १३४३४ | ३१०९९९ |

८२. **सिचाई पोखरी निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम १० मा सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको

आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। गोपखेत सिँचाई पोखरी निर्माण उ स ले सिँचाई पोखरी निर्माण गर्दा 63 mm N10 पाईप रु. ३९८.६१ दरमा २७० मिटर रु. १,०७,६२५ मा खरिद गरिएको भएपनी पाईप बिच्छ्याउन आवश्यक खनाई सम्बन्धी कार्य गरिएको छैन्। यसरी खनाईको काम नभएको अवस्थामा पाईप प्रयोगको गर्नुपर्ने आवश्यकता रहेको सम्बन्धमा कार्यालय यकिन हुनुपर्दछ।

८३. **उपभोक्ता समितिको रकम व्यक्तिलाई भुक्तानी -** बान्निगढी जयगढ गाउँपालिकाको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १० मा उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन गर्नुपर्ने, समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरि तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुने व्यवस्था छ। पालिकाले निम्न उपभोक्ता समितिले गरेको कार्यहरुको रकम व्यक्तीको नाम भुक्तानी गरेको पाईयोः

| गोभौ/मिति | उपभोक्ता समिति | भुक्तानी पाउने व्यक्ति | रकम |
|---|---|---|---|
| ७३/२०८०।१।१९ | खोप्चेपानी मुल पोखरी संरक्षण उस | राजेन्द्र साउद | ६७२०० |
| ७४/२०७९।१२।३० | सिउँती धारा मुहान संरक्षण उस | शान्ती शाह | ४८००० |
| ८४/२०८०।१।२१ | थाप्सा (थापाटोल) पटकानी मर्मत उस | भजन थापा | ४८००० |
| ८९/२०८०।१।२८ | धामीगाउँ पोखरी मर्मत उस | दिल बहादुर धामी | २४००० |
| १०६/२०८०।२।२१ | ताम्रकार टोलमा सामुदायिक आरन भवन निर्माण उस | मुकेश ताम्राकार | ४८००० |
| १०७/२०८०।२।१४ | चोरपानि डाडा ओखल सोरावाडा धारा थप उस | दिपक परियार | ४८००० |
| १२२/२०८०।२।३२ | मुंग्रा खदेण खानेपानी मर्मत उस | लोकराज जैशी तिमिल्सेना | ३८,४०० |
| १४६/२०८०।३।१९ | भुवामादा खानेपानी नाउला मर्मत उस | बल बहादुर कुवँर | ४८००० |
| जम्मा रकम | | | ३६९६०० |

कार्यविधिले उपभोक्ता समितिले गरेको कार्यको रकम अनिवार्य बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था भएपनि पालिकाले उपभोक्ता समितिहरुलाई भुक्तानी नगरी व्याक्तीको नाममा भुक्तानी गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

८४. **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको -** उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगायतको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको बील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रवधान विपरित नियमसम्मत नदेखिएको रकम रु

| क्र.सं. | गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति लाई भुक्तानी रु. | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत रु. |
|---|---|---|---|---|---|
| १ | ६२/२०८०/१/५ | पुजिगाँउ कुषि सडक निर्माण उ.स | ७५५०७ | ठकुल्ला निर्माण सेवा | ४४०७९६.०५ |
| २ | ६४/२०७९/१२/३० | ओडमा रोडमाण्डौ सडक स्तरोन्नती | ४६९३४५ | न्यू मालिका निर्माण सेवा | १७७९७.५ |
| ३ | १२९-२०८०/२/३२ | छिपेखोला साँफे सडक निर्माण उ.स | ८०२४०२ | कालभैरव विल्डर्स | ८३९०८०.३ |
| ४ | १३३ -२०८०/३/१३ | बस्ने ढुङ्गा आटासैन सडक स्तरोन्नती उ.स | २८२४७४ | न्यु मालिका निर्माण सेवा | २०३१७१ |
| ५ | १५१ -२०८०/३/२० | गाउँपालिका प्रमुख प्रशासकीय | १३५०८७७ | न्यु मालिका निर्माण सेवा | ८३२२१९.०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भवन मैदान व्यवस्थापन उ.स | | | |
| ६ | १५७-२०८०/३/२२ | माझेठाँना देखी नगरदर्ना सम्म सडक स्तरोन्नती उ.स | ३०४९०४ | एन .आर. बी निर्माण सेवा | २७९९९९ |
| ७ | १६०-२०८०/३/२२ | पुजगाउँ डाँडाकोट सडक स्तरोन्नती उ.स | ४७१३६९ | मिसन कन्स्ट्रक्सन | ४४९९९ |
| जम्मा | | | | | २६५८०६१.८६ |

| | |
|---|---|
| अनियमित भएको | २६,५८,०६१.८६ |

८५. **डिपिआर खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने, दफा ३१(२) मा उल्लेखित विषयहरु खुलाएर खरिदको प्रस्ताव गर्नुपर्ने, दफा(३३) मा प्राविधिक प्रस्तावको मुल्याङ्कन गर्नुपर्ने, दफा(३५) मा आर्थिक प्रस्तावको मुल्याङ्कन गर्नुपर्ने लगायतका व्यवस्थाहरु छन्। साथै नियमावलीले यस सम्बन्धमा थप व्याख्या समेत गरेको छ। पालिकाले विभिन्न कार्यहरुको लागि निम्नलिखित डिपिआर खरिद गरेको पाईयोः

| क्रम | डिपिआर नाम | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| १ | स्थनीय भुउपयोग डिपिआर | खसड ईन्फ्रा इन्जिनियरिङ्ग प्रालि | ९,९०,००० |
| २ | गाउँपालिकाको आवधिक योजना डिपिआर | बुढिगंगा इन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्ट प्रालि | १४,८८,२१५ |

पालिकाले उल्लेखित डिपिआर उपलब्ध आन्तरिक जनशक्तिबाट गर्न सकिने/नसकिने सम्बन्धमा मुल्याङ्कन नगरेको, डिपिआर गर्नुपर्ने आवश्यकता पुष्टिहुने आधार पेश हुन नसकेको, लागत अनुमान तयार, ऐन तथा नियमावलीले निश्चित गरेका शर्तहरु राखि खरिद प्रस्ताब, प्राविधिक मुल्याङ्कनको लागि पुग्ने प्रयाप्त प्रमाण स्पष्ट रुपमा पेश भएको पाईएन। अतः पालिकाले खरिद ऐन तथा नियमावलिको प्रकृया पुरा गरि आवश्यक देखिएका आन्तरिक जनशक्तिबाट सम्भब हुन नसक्ने प्रकृतिका कार्यहरुमा डिपिआर खरिद गर्नुपर्दछ।

८६. **सरस्वती मन्दिरको मैदान व्यवस्थापन -** सरस्वती मन्दिरको मैदान व्यवस्थापन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले ठेक्का नं BJRM/SQ/WORK/2079-80/1 को सरस्वती मन्दिरको मैदान व्यवस्थापन कार्यका लागि ठकुल्ला निर्माण

सेवा सँग रु.१८७१६२४.८८ मा सम्झौता गरी भुक्तानी गरेको छ । सो निर्माण कार्यको भुक्तानी दिँदा Earthwork excavation मा नभएको परिमाण Dry Stone soiling for wall foundation मा ०.४५ वढी परिमाण रु.४,०००।- का दरले र 1:2:4 pcc मा ०.६० वढी परिमाण रु.१४,०००।- का दरले नापि किताव र ठेक्का विलमा देखाई वढी भुक्तानी गरेको सम्वन्धमा पालिकाले एकिन गरी वढी भुक्तानी भएको रकम रु.१०,२००।- सम्वन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

८७. **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

८८. **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका विषय बिलमा खुलाएको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन सकेन। सबै सूचनाहरु राखी बिल तथा कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्दछ ।

८९. **लागत सहभागिता -**पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

९०. **ब्याकुलोडर खरिद-** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा खरिद गर्दा लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ९ मा लागत अनुमान तयार गर्दा लाग्ने रकम यकिन गर्नु पर्ने, नियम ४९ मा दुई करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यको बोलपत्र आह्वानको सूचनामा लागत अनुमान रकम खुलाउनु पर्ने लगायतका व्यवस्था छन्। पालिकाले ठेक्का नं BSRM/NCB/GOOD/2079-080/01 मार्फत रु. ३६,९०,००० मा ब्याकुलोडर खरिद गरेको देखिन्छ। पालिकाले खरिद गर्दा जारी सूचनामा नियम बमोजिम लागत अनुमान रकम खुलाई विज्ञापन गरेको

देखिएन। साथै, प्राविधिकबाट लोडरका लागि स्फेसिफिकेसन बनाएपनि अनुमानित लागत निकालिएको पाईएन। साथै छनौट भएको वोलपत्रदाताले बोलपत्र पेश गर्दा एक बर्षको वारेन्टी दिईने कागजात पेश भएपनि खरिद पछी वारेन्टी/सर्भिसिङ्ग कार्ड पेश भएको पाईएन। अतः पालिकाले खरिद कानुन बमोजिम खरिद कार्य पुरा गर्नु पर्दछ। साथै पालिकाले सम्बन्धित व्यवसायीबाट एक बर्षको वारेन्टी/सर्भिसिङ्ग कार्ड प्राप्त भएको प्रमाण पेश गर्नुपर्दछ।

**९१. छातासैन खालगडा जयगढ वृहत खानेपानी -**

९१.१ पालिकाले छातासैन खालगडा जयगढ वृहत खानेपानी ठेक्का नं BJRM/NCB/WORK/2079-080/01 को लागत अनुमान रु.७७,३१,३८६.६१ तय गरी रु.४५,४०,९१२.५२ मा मिति २०८०/३/१५ सम्म कार्यसम्पादन गर्ने गरी श्री न्यु कालभैरव विल्ड्र्ससँग सम्झौता गरेको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु —

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । BJRM/NCB/WORK/2079-080/01 ठेक्काका निर्माण व्यवसायी न्यु कालभैरव विल्ड्र्स सँग २०८०/३/१५ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । तोकिएको म्यादभन्दा ६ दिन ढिलाइ गरी पेश गरेको विल अनुसार रु.३६,७८,३५८ को मात्र कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण नखुलाई बाँकी कामको लागि मिति २०८०/३/२८ को कार्यपालिकाको निर्णयले कार्तिक मसान्त सम्म म्याद थप गरेको छ । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्यगर्ने आपूर्तिकर्ता तथा निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नु पर्दछ ।

९१.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले न्यु कालभैरव विल्ड्र्सलाई छातासैन खालगडा जयगढ वृहत खानेपानी निर्माण कार्यको भुक्तानी दिँदा वास्तविक परिमाणको मापन गरी सोही अनुसार भुक्तानी दिनुपर्नेमा तपसिल बमोजिमको आईटमको भुक्तानीमा नापीमा भएको परिमाण भन्दा वढी परिमाणको र नापिमा नभएको परिमाण ठेक्का बिलमा देखाई भुक्तानी दिएको हुँदा वढी भएको रकम सम्वन्धित बाट असुल गर्नुपर्ने रु.

| क्र.स | कार्य | हुनुपर्ने परिमाण | भएको परिमाण | दर | वढी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ***Site clearance*** | नापिमा नदेखिएको | २६६ | १० | २६६० |
| २ | ***PCC(1:1.5:3)*** | ४१.५९ | ४१.७७ | १६००० | २८८० |
| ३ | ***Clica admisture @*** | ७१५ | ८६० | ३५० | ५०७५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ***4 % of concrete*** | | | | |
| जम्मा | | | | | ५६२९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,२९० |

९१.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति, सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविध अपनाई भेरिएशन आदेश दिन सक्ने उल्लेख छ । यस पालिकाले न्यु कालभैरव विल्ड्र्सलाई छातासैन खालगडा जयगढ वृहत खानेपानी निर्माण कार्यको भुक्तानी दिँदा नापि किताबमा Earthwork exvation र Pcc( 1:3:6 ) क्रमस २४१.७१ र २५.१९ परिमाणको काम भएको देखाईएकोमा उक्त कार्य सँग सम्बन्धि सम्झौतामा क्रमश १८८.१४ घ.मि. र Pcc( 1:3:6 ) ८.४६ घ. मी गर्ने सम्झौता भएको देखिन्छ । जुन सम्झौता भन्दा क्रमश २८.४७ र १९७ प्रतिशतले बढि हुने देखिन्छ ।प्राविधिक पुष्ट्याई र कारण विना सम्झौता भन्दा बढि कार्य भेरियसन नगरि गरिएकाले उक्त कार्यवापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| क्र.स | कार्य | सम्झौता परिमाण | भएको परिमाण | दर प्रति घ.मि. | बढि परिमाण | रकम रु(मु अ कर सहित) |
|---|---|---|---|---|---|---|
| १ | Earthwork excavation | १८८.१४ | २४१.७१ | ५०० | ५३.५७ | २६७८५ |
| २ | PCC ( 1:3:6 ) | ८.४६ | २५.१९ | १२००० | १६.७३ | २००७६० |
| जम्मा | | | | | | २२७५४५ |

| | |
|---|---|
| अनियमित भएको | २,२७,५४५ |

९२. **दुई कोठे भवन निर्माण** -

.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णयबाट रु. ३३,८१८ सम्परीक्षण गरिएको ।)

९३. **कोटघर गाँज्रा सडक कालोपत्रे योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम १० मा सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने, नियम ११८ मा खरिद सम्झौता गर्दा बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा भेरियसन गर्न सक्ने, नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं BJRM/NCB/WORK/2079-

080/3 मार्फत कोटघर गाँज्रा सडक कालोपत्रे योजनाको कार्य सम्पन्न गर्न श्री भैरि निर्माण सेवासँग मिति २०८०।३।२० मा सक्ने गरि रु. ३०,०८,५९४ (भ्याट बाहेक) मिति २०८०।१।१७ मा सम्झौता भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्ः

९३.१ **योजना भन्दा फरक कार्य -** बजेट विनियोजन भएको प्रयोजनमा खर्च गर्नुपर्ने हुन्छ। सडक कालोपत्रे गर्ने उद्देश्यबाट प्रदेश सरकारबाट पालिकाको पनि ५० प्रतिशत लागत साझेदारिमा सम्पन्न हुने गरि रकम विनियोजन भएकोमा पालिकाले नयाँ बाटो कटिङ्ग तथा निर्माणसँग सम्बन्धी कार्यमा रु. ४२५७३१३ खर्च गरेको देखिन्छ। पालिकाले जुन प्रयोजनमा बजेट विनियोजन भएको हो सोहि प्रयोजनमा खर्च गर्नु पर्दछ।

९३.२ **भेरियसन -** पिसिसि M15/40 कार्य सम्झौतामा ७.७२ घनमिटर कार्य प्रति घनमिटर ६००० दरमा जम्मा रु. ४६३२० मा सो काम सम्पन्न गर्ने गरि सम्झौता भएको देखिन्छ। निर्माण व्यवसायीको निवेदनको आधारमा पालिकाले लागत अनुमानमा नै कम परिमाण काम उल्लेख भएकोले ७२.५५ घनमिटर कार्य थप गर्नुपर्ने निर्णय गरि भेरियसन गरेको पाईयो। भेरियसन गर्दा थप कामको प्रति घनमिटर रु. ९००० मा रु ६,५२,९५० गर्ने गरि सम्झौता भएको छ।यसरी भेरियसन गर्दा कामको परिमाणमा ९३९.७७ र मुल्यमा १४५९.६५ प्रतिशत बृद्धी भएको देखिन्छ। कानुन बमोजिम पूर्वानुमान गर्न नसकिएको अवस्था नभई न्यून लागत अनुमान बनाईएको कारण पालिकाले भेरियसन गर्दा थप कामको लागि प्रति घनमिटर रु. ३००० ले ७२.५५ घनमिटर कामको रु. २,१७,६५० व्ययभार बढ्न गएको छ। यसरी लागत अनुमान तयार गर्दा पर्याप्त ध्यान नदिई बस्तुनिष्ठ तथा बास्तविक नबनाउँदा निर्माण कार्यको खर्च बढेको देखिन्छ।अतः यसरी गतल लागत अनुमान बनाई थप आर्थिक भारका सम्बन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ।

९३.३ **नापी किताबमा नदेखिएको कामको भुक्तानी -** Hume pipe floor मा ५.६९ घनमिटर पिसिसि कार्य र NP-3 RCC Hume pipe सम्बन्धी १२.५ RM कार्य Final Bill मा उल्लेख भई भुक्तानी भएको तर सो कार्य नापी किताबमा उठेको पाईएन। यसरी बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,९६० |

९३.४ **विमा रकम भुक्तानी -** ठेक्का नं BJRM/NCB/WORK/2079-080/3 को नियमबमोजिम विमा हुनुपर्नेमा पालिकाले पेश गरेको विमामा उल्लेखित ठेक्का नं मेल खाएको पाईएन। अत पालिकाले सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी भएको विमा रकम असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,८४६ |

९४. **कार्य स्वीकार -** सार्वजनिक खरिद नियमावलीको निमय ११७(२क) निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगती भएमा कार्य स्वीकार गर्न सकिने, नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको

आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं BJRM/SQ/WORK/2079-080/2 मार्फत कोटघर गाँझा सडक कालोपत्रे योजनाको रु १२,७३,५९७ मा भिम निर्माण सेवासँग सम्झौता गरेको र सो ठेक्काको कार्य स्वीकार गरी रु. ७,८१,४३० रकम भुक्तानी गरेको देखिन्छ।यस ठेक्काबाट बाटो कटिङ्ग सम्बन्धी कार्य भएको र extrawinding of road मा कुल ६५६.५५ घनमिटर काम भएको नापी किताबमा देखिएपनि चेनेज 0+055 देखि 0+024 सम्म काम भएको पाइएन। चेनेजको बीचमा काम नहुनुको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ। साथै नियम बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न भएपश्चात कार्य स्वीकार गरिनु पर्नेमा ७१.७८ प्रतिशत कार्यमै पालिकाले कार्य स्वीकार गरेको पाईयो।यसरी कानूनले तोकेको न्यूनतम प्रतिशत कार्य सम्पन्न नभई कार्य स्वीकार गर्ने सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ।

## ९५। सरस्वती मन्दिर निर्माण योजना -

९५.१ **पूर्वनिर्धारीत क्षतिपूर्ती -** ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ११०,०५० सम्परीक्षण गरिएको ।)

९५.२ **कार्यसम्पादन जमानत -** नियम ११० मा सम्झौता गर्दा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधि रहेको वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत हुनु पर्ने ब्यवस्था रहेको छ। पालिकाले यस ठेक्काको मिति २०८०।३।२८ देखि मिति २०८०।७।३० सम्म म्याद थप गरेको देखिन्छ। निर्माण व्यवसायीले कृषि विकास बैंक लिमिटेड, मंगलसेनबाट जारी भएको मिति २०८१।३।३० सम्म म्याद रहेको रु ४,७४,००० जमानत पेश भएको देखिएकाले पालिकाले २०८१।८।३० सम्म म्याद रहेको कार्यसम्पादन जमानत सम्बन्धित निर्माण व्यबसायीबाट पेश गराउनु पर्दछ।

## ९६. १५ सैयाको अस्पताल भवन निर्माण -

९६.१ ठेक्का नं CRM/ACHHAM/NCB/W/16/2077/78 को निर्माणाधीन १५ सैयाको अस्पताल भवन निर्माण गर्न २०७८ साल श्रावणमा निर्माण व्यवसायी स्वाँर/एसोसिएट/रन्जितकार जे· भी· संग रु·१७३८७३८५५.५ को सम्झौता भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । १५ सैया अस्पताल भवन निर्माण कार्यको भुक्तानी दिँदा अघिल्लो रनिङ्ग विलमा भुक्तानी भएको परिमाण पुन विलमा देखाई र कार्यसम्पन्न भन्दा वढी परिमाणमा तपसिलबमोजिमको भुक्तानी दिएको हुँदा बढी भएको भुक्तानी निर्माण व्यवसायी श्री स्वाँर/एसोसिएट/रन्जितकार जे· भी· बाट असुल गर्नुपर्ने रु.

| क्र.स | विवरण | हुनुपर्ने परिमाण | भएको परिमाण | ठेक्कामा स्वीकृत दर | वढी रकम | |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | Stone soiling | २६.४ | ८१.९० | ४००० | २२२००० | हाल सम्मको अध्यावधिक कार्य ८१.९० देखाएकोमा ५५.५ परिमाण पहिलो रनिङ विलमा भुक्तानी भई सकेको |
| २ | PCC (1:2:4) | ० | ४९.३८ | १५००० | ७४०७०० | हाल सम्मको अध्यावधिक कार्य ४१.०५ देखाएकोमा पहिलो रनिङ विलमा नै ४९.३८ परिमाणको भुक्तानी गएको । |
| जम्मा | | | | | ९६२७०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६२,७०० |

९६.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति, सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश दिन सक्ने उल्लेख छ । यस पालिकाले १५ सैया अस्पताल भवन निर्माण कार्य ठेक्का नं. BJRM/NCB/W/04/2077-78 को निर्माण व्यवसायी श्री Swar/Asociate/Ranjeetar JV सँग रु.१७३८७३८५५.५ मा मिति २०७८ श्रावण देखि २० महिना सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौतामा उल्लेख भएको परिमाण भन्दा वढी परिमाण सहितको नापी उठाई यस वर्ष रु.१४७६४७९५ भुक्तानी गरेको छ । ऐनले व्यवस्था गरेअनुसार प्रष्ट कारण खुलाई भेरियसन स्वीकृत गराएर मात्र सम्झौता भन्दा वढी परिमाणमा भएको कामको भुक्तानी लिनु पर्नेमा पालिकाले भेरियसन आदेश स्वीकृत नगरी अथवा भेरियसन गर्नु पर्ने कारण र थप गर्नुपर्ने आईटम नखुलाई मिति २०७८/१०/१० गते निर्माण व्यवसायीलाई रु.३,५५,१४,६५७ को अथवा सम्झौताको २० प्रतिशत भेरियसन कार्य आदेश दिई सोही अनुसारले निर्माण कार्यको भुक्तानी दिएको देखियो ।अछाम जिल्ला भित्रकै अन्य पालिकाले १५ सैया अस्पताल भवन निर्माणकार्यको लागि भेरियसन गर्नु पर्ने कारण सहित भेरियसन स्वीकृतको समर्थन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट लिई बजेटको सुनिश्चतता समेत गरेको देखियो । यस पालिकाले भेरियसन स्वीकृत र बजेटको सुनिश्चतता सम्वन्धी प्रष्ट नभई सम्झौता भन्दा वढी परिमाण वापतको रकम भुक्तानी दिनु मनासिव देखिएन । बजेटको सुनिश्चतता सहित ऐनले व्यवस्था गरेअनुसारको स्पष्ट कारण खुलाई भेरियसन स्वीकृत गर्नुपर्ने देखिन्छ ।

## ९७. सामाजिक सुरक्षा भत्ता वितरण -

९७.१ **सामाजिक सुरक्षा वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत नबील बैंक मार्फत प्रथम, द्वितिय, तृतिय र चौथो किस्ता गरि जम्मा रु.९३३८१२०३ निकासा प्राप्त भएकोमा रु.९३३२०२७२ वितरण भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

---

९७.२ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

---

९७.३ **लाभग्राही नवीकरण-** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राखुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

---

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | बाख्रा पकेट कार्यक्रमः १८०/२०८०/०३/२४ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद-७ को ७.१ कृषि उत्पादन सामाग्री पशु नश्ल लगायतमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ । साना व्यवसायी बाख्रा पकेट कार्यक्रम अन्तर्गत पालिकाले २७ जना लाभग्राहीलाई प्रतिव्यक्ति रु.५० हजार उपलब्ध गराएको र लाभग्राहीले रु.२० हजार थपेर ७० हजारको ७ वटा बाख्रा खरिद गरेको बिल संलग्न गरेको छ । परियोजना कार्यान्वयन म्यानुअल अनुसार पालिकाबाट कुल बिल रकम रु.१८,९०,००० को ५० प्रतिशतको दरले रु.९,४५,००० अनुदान भुक्तानी हुनुपर्नेमा रु.१३,५०,००० भुक्तानी भएको तथा रु १५००० प्रतिकृयाबाट बेरुजु फछ्यौंट भई बाकी रहेको बढी भुक्तानी भएको असुल हुनुपर्न रु.१८०/२०८०/०३/२४ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद-७ को ७.१ कृषि उत्पादन सामाग्री पशु नश्ल लगायतमा ५० प्रतिशत | 390000.00 |

| क.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ । साना व्यवसायी बाख्रा पकेट कार्यक्रम अर्न्तगत पालिकाले २७ जना लाभग्राहीलाई प्रतिव्यक्ति रु.५० हजार उपलब्ध गराएको र लाभग्राहीले रु.२० हजार थपेर ७० हजारको ७ वटा बाख्रा खरिद गरेको बिल संलग्न गरेको छ । परियोजना कार्यान्वयन म्यानुअल अनुसार पालिकाबाट कुल बिल रकम रु.१८,९०,००० को ५० प्रतिशतको दरले रु.९,४५,००० अनुदान भुक्तानी हुनुपर्नेमा रु.१३,५०,००० भुक्तानी भएको तथा रु १५००० प्रतिकृयाबाट बेरुजु फछ्र्यौट भई बाकी रहेको बढी भुक्तानी भएको असुल हुनुपर्न रु. | |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: बान्नीगढी जयगढ गाउँपालिका, अछाम , बन्नीगढी जयगध गाउँपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बसन्त बहादुर रावल | २०८०-९-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारद प्रसाद खनाल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,१६२,१३८ | ६,८६८,०५७.८६ | ४,१२१,४३८.६ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १३,१५१,६३४.४६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,३६८,३७३.६९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ३९०,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १०,१७३,२६०.७७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३५७५८२५८.२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६१८६९५०० | **चालु खर्च** | २४४९६८७५४.६५ |
| **प्रदेश सरकारबाट अनुदान** | १२१०७००० | **पूँजीगत खर्च** | ६७४५९६७७.९२ |
| **राजश्व बाँडफाँट** | ६१०३७२०७.३२ | **वित्तीय/अन्य व्यवस्था** | १२९२८०७३०.४६ |
| **आन्तरिक आय** | २४८४९४६.२ | | |
| **अन्य आय** | १०९३३६१२५.२३ | | |
| **कुल आय** | ४४६८३४७७८.७५ | **कुल खर्च** | ४४१७०९१६३.०३ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | ४०८८३८७३.९२ |